नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मितिः २०७९/०८/०६

ने.बी.प्रा. १२०(०७९/०८०) च.नं. २३०२

श्री इजाजतपत्र प्राप्त सम्पूर्ण बीमकहरु,

बिषयः बीमा अभिकर्ताको परीक्षा सम्बन्धमा ।

उपरोक्त बिषयमा बीमा ऐन, २०७९ जारी भई २०७९/०७/२२ गते देखी कार्यान्वयनमा आएको सम्बन्धमा उक्त ऐनको दफा ९२ को उपदफा (२) मा "बीमा मध्यस्थकर्ताले इजाजत प्राप्त गर्नु अघि तोकिए वमोजिमको परीक्षा उतिर्ण गरेको हुनुपर्नेछ" भन्ने व्यवस्था भएकोले अर्को निर्णय नभए सम्मको लागि देहाय वमोजिमको शर्तको अधिनमा रही बीमा अभिकर्ताको परीक्षा सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराईन्छ ।

शर्तहरुः

क. परीक्षा सम्बन्धी व्यवस्था प्रचलित कानुनको अधिनमा रही विशेषज्ञ सहितको परीक्षा उपसमिति गठन गरी परीक्षा प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन तथा परीक्षाको गोपनियता, निष्पक्षता र पारदर्शिता समेत कायम गर्नु पर्नेछ ।

ख. परीक्षाको अङ्कभार १०० तथा उतिर्णाङ्क ५० हुनेछ ।

ग. प्रश्नहरु वस्तुगत हुनुपर्ने छ र प्रत्येक प्रश्नको अंकभार २ कायम गर्नु पर्नेछ ।

घ. परीक्षा उतिर्ण गरेको प्रासङ्ग सहितको प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

ङ. परीक्षा सम्बन्धी काम कारवाहीको सम्बन्धमा प्राधिकरणले जुनसुकै समयमा अनुगमन गर्न सक्नेछ।

च. परीक्षा सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षित राख्नु पर्नेछ ।

छ. परीक्षाको पाठ्यक्रम यसैसाथ संलग्न छ ।

*नोटः मिति २०७९/०७/२२ भन्दा अघि बीमा अभिकर्ताको तालिम प्राप्त गरी इजाजतपत्र प्राप्त नगरेको व्यक्तिको हकमा समेत उपरोक्त बमोजिमको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।*

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
श्रीमान अध्यक्षज्यूको सचिवालय, बीमा प्राधिकरण ।

# जीवन बीमा अभिकर्ताको तालिम तथा परीक्षाको पाठ्यक्रम

## इकाई १- जोखिम र जोखिम व्यवस्थापन

जोखिमको अर्थ, जोखिमको वर्गीकरण, बीमायोग्य जोखिम, संकट, खतरा र नोक्सानी, जोखिम व्यवस्थापन, जोखिम व्यवस्थापनको तरिका

## इकाई २- बीमाको परिचय

बीमा, जीवन र निर्जीवन बीमा बीमाको उद्देश्य, बीमाको प्रकार, बीमाको फाइदा, बीमाको कार्य प्रणाली, बीमा र संभाव्वयता

## इकाई ३- बीमा अभिकर्ता

बीमा अभिकर्ताको परिचय, बीमा अभिकर्ताको प्रकार बीमा अभिकर्ताको बीमक प्रतिको दायित्व, बीमा अभिकर्ताको बीमित प्रतिको दायित्व, बीमा अभिकर्ताको बीमक प्रतिको दायित्व, बीमकको बीमा अभिकर्ता प्रतिको दायित्व, बीमा अभिकर्ता बन्ने तरिका, बीमा अभिकर्ताको पेशागत महत्व, बीमा अभिकर्ताको खारेजी

## इकाई ४- बीमाको सिद्धान्त

परम सद्वविश्वासको सिद्धान्त, बीमायोग्य हितको सिद्धान्त, क्षतिपूर्तिको सिद्धान्त, निकटतम कारणको सिद्धान्त, प्रत्यासनको सिद्धान्त, योगदानको सिद्धान्त, जीवन बीमामा आंशिक वा पूर्ण रूपमा लागू हुने बीमाका सिद्धान्त

## इकाई-५ बीमालेख

परिचय, जीवन बीमालेखहरूको प्रकार, बीमालेखको शव्दावली, शर्त तथा सुविधा, ब्यक्तिगत तथा सामूहिक बीमा, पूरक करार, नाफामा सहभागी हुने र नहुने प्रकारको बीमा, बीमाशुल्क गणना तालिका

## इकाई-६ जीवन बीमा सम्बन्धी कागजात

प्रस्ताव फाराम, केवाइसी फाराम, बीमाशुल्क भुक्तानी रसिद, बीमालेखको मूल कागज, सम्पुष्टी, राइडर, बीमाशुल्क भुक्तानी गर्ने वा नवीकरण गर्ने सूचना, बीमालेख पुनर्जागरण गर्ने फाराम, अन्य कागजात

## इकाई-७ बीमाशुल्क र बोनस

बीमाशुल्क र बीमाशुल्क गणना, बोनस र बोनस गणना, चुक्ता मूल्य र चुक्ता मूल्य गणना, समर्पण मूल्य र समर्पण मूल्य र समर्पण मूल्य गणना, बीमालेखको धितोमा लिइने ऋण, बीमालेखको जफत, मृत्युदर तालिका

NEPAL INSURANCE AUTHORITY

इकाई-८ जोखिमाङ्कन

परिचय, जोखिमाङ्कनको आधारमा जोखिमको बर्गीकरण, प्रारम्भिक जोखिमाङ्कन, वित्तीय र मेडिकल जोखिमाङ्कन, जोखिमाङ्कन प्रक्रिया, अभिकर्ताको गोप्य प्रतिवेदन, बीमित र अभिकर्ताको अनुगमन, आम्दानीको स्रोत, बीमितको पेशागत जोखिम, जोखिमाङ्कनमा प्रभाव पार्ने तत्वहरू, जोखिमाङ्कन निर्देशिका वा म्यानुअल, नोमिनेसन तथा एसाइन्मेन्ट

इकाई-९ दाबी

परिचय, दाबी गर्ने प्रक्रिया, दाबी सम्बन्धी कागजात, दाबी भुक्तानीको प्रक्रिया, बीमा दाबी भुक्तानीमा अभिकर्ताको भूमिका, दाबी भुक्तानी निर्देशिका वा म्यानुअल, दाबीको प्रकार, मृत्यु दावी, परिपक्व दाबी, सर्भाइभल दाबी, राइडर (पुरक करार) दाबी,

इकाई- १० जीवन बीमाको बजारीकरण

अभिकर्ताको पेशा, ग्राहक सेवा, बीमालेख बिक्री पछिको सेवा, बीमा दाबी पर्दाका वखतको सेवा, जीवन बीमाक बजारीकरण, उपभोक्ता व्यवहार, नैतिक बजारीकरण र यसको चुनौति, बीमालेखको गलत बिक्री (मिससेलिङ), सर्वसाधारणप्रति बीमा अभिकर्ताको दायित्व

इकाई ११ बीमा अभिकर्ता र कर

जीवन बीमामा कर छुटको दायरा, बीमा अभिकर्ताको पारिश्रमिक र उक्त पारिश्रमिकमा लाग्ने कर, बीमा अभिकर्ता र कर दर्ता प्रमाणपत्र

इकाई १२ बीमा सम्बन्धी कानूनी व्यवस्था

बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९, बीमा अभिकर्ताको आचार संहिता, सम्पत्ति शुद्धिकरण सम्बन्धी ऐन, २०६४ का बीमा सम्बन्धी प्रावधान, नेपाल बीमा प्राधिकरणबाट जारी भएको सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशिका, बीमा अभिकर्ता सम्बन्धी कानूनी व्यवस्था

इकाई १३- बीमा बजार

नेपाल बीमा प्राधिकरण, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, बीमा अभिकर्ता, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता, अन्य बीमा सेवा प्रदायक, बीमा सूचना केन्द्र, बीमित हित संरक्षण कोष, बीमा पुल, बीमा विकास कोष

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY